त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

☎ 5-521260, 5-521611, 5-522104, 5-522809

पुल्चोक, ललितपुर ।
Pulchowk, Lalitpur

च.नं. १३१२/०७५/०७६ मिति: २०७५।०९।०९

# पूर्णशुल्कीय कार्यक्रमको आयबाट वितरण गरिने गरिब तथा जेहेन्दार छात्रवृत्तिको म्याद थप सम्बन्धी सूचना ।

यस क्याम्पसको च.नं. १०७० मिति २०७५।०८।०९गते प्रकाशित सूचना अनुसार यस क्याम्पसमा अध्ययनरत २०७५ भर्ना समूहका बी.ई./बी.आर्क. तहको नियमित कार्यक्रमका विद्यार्थीहरुलाई सम्बन्धित प्रथम वर्ष प्रथम खण्डको लागि पूर्णशुल्कीय कार्यक्रमको आयबाट प्रदान गरिने गरीब तथा जेहेन्दार छात्रवृत्तिको निम्ति आवेदन फारम भरी बुझाउने अन्तिम मिति **२०७५ पौष ८ गतेसम्म** राखिएकोमा उक्त मिति **२०७५ पौष १६ गतेसम्म** म्याद थप गरेको व्यहोरा सूचित गरिन्छ । उक्त छात्रवृत्तिका लागि क्याम्पसको शैक्षिक प्रशासनबाट उपलब्ध हुने फारम रितपूर्वक भरी क्याम्पसको सचिवालयमा दर्ता गराउन हुन पनि सम्बन्धित विद्यार्थीहरुको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त म्याद भित्र फाराम भरेका विद्यार्थीहरु मध्येबाट मात्र सम्पूर्ण कार्यक्रमहरुका **प्रथम वर्ष प्रथम खण्ड देखि अन्तिम वर्ष दोस्रो खण्डसम्म प्रदान गरिने गरिब तथा जेहेन्दार छात्रवृत्तिमा समावेश गराईने व्यहोरा** समेत जानकारी गराईन्छ ।

**आवेदन फारम साथ निम्न कागजातहरु संलग्न हुनुपर्नेछ ।**

१) एस.एल.सी. (S.L.C.) को Marksheet तथा Character Certificate को फोटोकपी ।
२) एस.एल.सी. (S.L.C.) उर्त्तीण गरेको विद्यालय सरकारी/सामुदायिक हो भन्ने सम्बन्धित सरकारी निकायको पत्र सक्कल प्रति ।
३) +2/Diploma तहको Transcript र Character Certificate को फोटोकपी ।.
४) राष्ट्रिय परीक्षा बोर्ड (NEB) बाट छात्रवृति पाई +2 तह निजी कलेज/क्याम्पसमा अध्ययन गरेको NEB बाट पाएको सिफारिस पत्रको प्रतिलिपि ।
५) +2 तह उर्त्तीण गरेको उच्च माध्यमिक विद्यालय सरकारी/सामुदायिक हो भन्ने सम्बन्धित सरकारी निकायको पत्र सक्कल प्रति ।
६) त्रि.वि. अर्न्तगत Diploma तह भए सम्वन्धित क्याम्पसबाट नियमित (Regular) तर्फ अध्ययन गरेको हो भनी सम्वन्धित क्याम्पसको पत्र सक्कल प्रति ।
७) नागरीकताको फोटोकपि ।

*पुनश्च: छात्रवृत्ति सम्वन्धि विस्तृत जानकारी पुल्चोक क्याम्पसको Web Site: www.pcampus.edu.np मा पनि हेर्न सकिनेछ ।*

.............................
विणा श्रेष्ठ
सदस्य सचिव
छात्रवृत्ति समिति

बोधार्थ :

- श्रीमान् डीनज्यू, इ.अ.सं., पुल्चोक ।
- श्रीमान क्याम्पस प्रमुखज्यू, पुल्चोक क्याम्पस ।
- श्री आर्थिक प्रशासन शाखा, पुल्चोक क्याम्पस ।
- श्री विभागीय प्रमुखज्यू
  सिभिल/आर्किटेक्चर/इलेक्ट्रिकल/इलेक्ट्रोनिक्स तथा कम्प्यूटर मेकानिकल इन्जिनियरिङ्ग विभाग पुल्चोक क्याम्पस ।
- श्री नयाँ/महिला छात्राबास, पुल्चोक क्याम्पस ।
- श्री स्व.वि.यू., पुल्चोक ।
- सूचना प्रविधि केन्द्र, पुल्चोक ।